नेपाल गजेट

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, माघ २५ गते २०२२ साल

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालयको

सूचना

श्री ५ को सरकारले मिति २०२२।१०।१२।३ का निर्णय अनुसार न्याय सेवाका निम्नलिखित गजेटेड पदहरूमा निम्नबमोजिम नियुक्ति, बढुवा, सरुवा तथा पोष्टिंग गरेको छः–

१. नियुक्ति

निम्नलिखित व्यक्तिहरूलाई न्याय सेवा गजेटेड तृतीय श्रेणीको पदमा नियुक्ति गरी यस मन्त्रालयको से. अ. पदमा पोष्टिंग गरेको छः–

१. श्री केदारनाथ आचार्य ।

२. श्री हरिश्चन्द्रप्रसाद उपाध्याय ।

२. बढुवा

(क) यस मन्त्रालयका निम्नलिखित से. अ. हरूलाई न्याय सेवा गजेटेड द्वितीय श्रेणीको पदमा बढुवा गरी यस मन्त्रालयको उप–सचिव पदमा पोष्टिंग गरेको छः–

६९३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. श्री मोहनप्रसाद शर्मा ।
२. श्री हरगोविन्द सिंह प्रधान ।
३. श्री त्रिभुवनप्रताप राणा ।

(ख) निम्नलिखित तृतीय श्रेणीका न्यायाधीशहरूलाई निम्नबमोजिम न्याय सेवा गजेटेड द्वितीय श्रणीको पदमा बढुवा तथा पोष्टिंग गरेको छः--

१. श्री रत्नलाल कनौडिया ।
ललितपुर, भक्तपुर भूमिसुधार विशेष अदालतको न्यायाधीश पदबाट एटर्नी जनरल अफिसको गभर्नमेण्ट एड्भोकेट पदमा,

२. श्री प्रचण्डराज अनील,
रौतहट जिल्ला अदालतका जिल्ला न्यायाधीश पदबाट एटर्नी जनरल अफिसको गभर्नमेण्ट एड्भोकेट पदमा ।

(ग) ना. सु. श्री रुद्रबहादुर श्रेष्ठलाई न्याय सेवा गजेटेड तृतीय श्रेणीको पदमा बढुवा गरी यस मन्त्रालयको सचिवको पी. ए. पदमा पोष्टिंग गरेको छ ।

३. सरुवा

सेती अञ्चल अदालतको अञ्चल न्यायाधीश पदबाट श्री बृह्मदत्त तिवारीलाई बागमती अञ्चल अदालतको अतिरिक्त अञ्चल न्यायाधीश पदमा, सगरमाथा अञ्चल अदालत, भोजपुर बेञ्चका अञ्चल न्यायाधीश पदबाट श्री विश्वनाथलाई सेती अञ्चल अदालतको न्यायाधीश पदमा र बागमती अञ्चल अदालतको अतिरिक्त अञ्चल न्यायाधीश पदबाट श्री सर्वज्ञराजलाई सगरमाथा अञ्चल अदालत, भोजपुर बेञ्चको अञ्चल न्यायाधीश पदमा सरुवा गरेको छ ।

आज्ञाले--
विनोदप्रसाद धिताल,
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।